अनुसूची२

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँग सम्बन्धित)

# ब्याँस गाउँपालिका राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७५/०१/३१

भाग-२

## कडारोगीहरुलाई आर्थिक सहायता वितरण निर्देशिका २०७५

१. प्रस्तावना :- ब्याँस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुलाई कुनै कडा रोग लागेमा केवल विपन्नताको कारणले मात्र मृत्यु बरण गर्न त्यस्ता नागरिक बाध्य नहुन भन्ने ध्येयका साँथ उनीहरुको उपचारमा गाउँपालिकाको तर्फ बाट आर्थिक सहयोग गर्ने भनि ब्याँस गाउँपालिकाको मिति २०७४/०५/२६ मा बसेको प्रथम गाउँसभाको निर्णय लाई व्यवस्थीत एवं बैज्ञानीक बनाउने उद्देश्यले यो “कडारोगी लाई आर्थिक सहायता वितरण निर्देशिका २०७५” गाउँकार्यपालिका बाट स्वीकृत गरी जारी गरिएको छ।

२.उदेश्य

क) कडा रोग लागेका नागरिकको पहिचान गर्ने र स्थानीय तहमा निजहरुको अभिलेख राख्ने

ख) गाउँसभा एवं गाउँपालिकाको निर्णय बमोजिम कडारोग बाट पिडित नागरिक वा निजको परिवार लाई सहुलियत बाफत आर्थिक सहायता एवं सुविधा सहज रुपमा प्रदान गर्ने

ग) पिडित परिवार लक्षीत विविध योजना तथा कार्यक्रम सञ्चालन गरी समाजिक र आर्थिक रुपमा सबल सक्षम बनाउन प्रयत्न गर्ने ।

३. आधार :- ब्याँस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने कुनै पनि नागरिकलाई कडा रोग लागेको देखिएमा एक पटकका लागि निजलाई गाउँसभा वा गाउँ कार्यपालिकाको निर्णय अनुसार देहायका कागजात पेस गरेको आधारमा आर्थिक सहायता प्रदान गर्ने ।

क) उपचाररत सम्बन्धित अस्पतालका रिपोर्टहरु ।

ख) ब्याँस गाउँपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन

ग) सम्बन्धीत वडा कार्यालयको सिफरिस

घ) जिल्ला स्थीत विपन्न नागरिक औषधि उपचार सहयोग समितिको सिफारिस ।

४. लक्षित बर्ग -

ब्याँस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने क्यान्सर रोगी मुटु रोगी र मृगौला रोगी यस निर्देशिका बमोजिम लक्षित बर्ग मानिने छन् ।

५. कडा रोग लागेका ब्यक्ति वा परिवार को बर्गिकरण

यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्न कडारोगी को वर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क) क्यान्सर रोगी- निरन्तर रुपमा उपचार गरि राख्नु पर्ने वा औषधि सेवन गर्नु पर्ने खालका क्यान्सर पिडित दिर्घ रोगी

ख) मुटु रोगी - मुटुको उपचार पछि पनि लगातार औषधि सेवन गरि राख्नु पर्ने विरामी र मुटुको उपचार केन्द्रमा मुटु को अप्रेशनका लागि जानु पर्ने विरामीहरु ।

ग) मृगौला रोगी - मृगौला सम्बन्धी लगातार औषधि सेवन वा डायलासिस गराई राख्नु पर्ने रोगीहरु र मृगौला प्रत्यारोपण गर्नु पर्ने रोगीहरु ।

६. आर्थिकसहायता वा सुविधा : -

क) यस आर्थिक बर्ष २०७४/०७५ का लागि नियम ४ को आधारमा यसै निर्देशिकाको दफा ५ मा उल्लेखित भए बमोजिमका रोगि वा निजका परिवार जनलाई प्रति रोगी रु ५०००० पचास हजारका दरले अर्थिक सहायता उपलब्ध गराईने छ ।

ख) उपनियम क मा उल्लेखित रकम आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि गाउँ सभा वा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुने छ ।

७. निर्देशिकामा संशोधन वा खारेजी :- गाउँ सभाको निर्णय बमोजिम गाउँकार्यापालिकाले निर्णय गरी यो निर्देशिका संशोधन परिमार्जन वा खारेज गर्न सक्ने छ ।

८. सेवा सुविधा उपलब्ध नहुने - माथि विभिन्न दफाहरुमा उल्लेखित भए अनुसारको प्रकृया नपुऱ्याई आर्थिक सहायता माग गर्ने नागरिकलाई र आगामी दिनमा ब्याँस गाउँपालिकाको गाउँ सभा वा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम वा तोकेको माप दण्ड पुरा नगर्ने कडा रोगीहरुलाई सेवा सुविधा उपलब्ध गराईने छैन ।

९. बचाउ :- यो निर्देशिका जारी गर्नु भन्दा पहिले गाउँ सभा वा गाउँकार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता प्राप्त गर्‌का कडा रोगीहरुले यसै निर्देशिका बमोजिम आर्थिक सहायता प्राप्त गरेको मानिने छ ।

आज्ञाले
राम दत्त जोशी
प्रमुख प्रशासकीय